का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६८
❒ १९ साउन २०७८, मंगलबार
❒ 3 August 2021, Tuesday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## शाही भर्सेस कँडेल

## शाहीलाई फेरि बहुमत

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, १८ साउन ।

सर्वोच्च अदालतले २७ जेठको अन्तरिम आदेश खारेज गर्दै फ्लोर क्रस गर्ने कर्णालीका चार एमाले प्रदेशसभा सदस्यलाई पदमुक्त गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा र न्यायाधीश प्रकाश ढुंगानाको संयुक्त इजलासले फ्लोर क्रस गर्ने एमालेका चार सांसदलाई पदमुक्त गरेको हो ।

अदालतको आदेश सँगै सांसदहरु प्रकाश ज्वाला, अम्मरबहादुर थापा, नन्दसिंह बुढा र कुर्मराज शाही पदमुक्त भएका छन् । ज्वाला बाहेक बाँकी तीन जना कर्णाली सरकारमा मन्त्री छन् । उनीहरुले गएको ३ जेठमा फ्लोर क्रस गरी माओवादी केन्द्र नेतृत्वको सरकारलाई विश्वासको मत दिएका थिए । एमाले कर्णाली प्रदेश संसदीय दलका नेता यमलाल कँडेलले सरकारलाई दिएको विश्वासको मत फिर्ता लिएपछि मुख्यमन्त्री महिन्द्रबहादुर शाहीले विश्वासको मत लिएका थिए ।

तर एमालेकै चार सांसदले फ्लोर क्रस गरी शाहीको पद जोगाइदिएका थिए । लगत्तै एमाले प्रदेश संसदीय दल र एमाले दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीले फ्लोर क्रस गर्ने सांसदहरुलाई पदमुक्त गर्ने निर्णय गरेको थियो । तर पदमुक्त गर्ने निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो । उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश प्रकाशमानसिं राउतको एकल इजलासले दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीले नभएर एमाले बाँकी पृष्ठ २ मा

> सर्वोच्च अदालतले गएको २७ जेठको आफ्नै अन्तरिम आदेश खारेज गर्दै कर्णालीमा फ्लोर क्रस गर्ने नेकपा एमालेका चार सांसदलाई पदमुक्त गरेसँगै मुख्यमन्त्री महिन्द्रबहादुर शाहीको सरकारलाई फेरि बहुमत प्राप्त भएको छ ।



## कँडेलको सपना अधुरै


विपी शर्मा/मध्यान्ह
सुर्खेत, १८ साउन ।

सर्वोच्च अदालतको सोमबारको फैसलाले कर्णाली प्रदेशमा नेकपा एमाले अब प्रमुख विपक्षीमै सीमित रहने निश्चित भएको छ। कुनै राजनीतिक चमत्कार नभए मुख्यमन्त्री महिन्द्रबहादुर शाहीको पद यो संसदीय कार्यकालभर सुरक्षित भएको छ। जबकी उनलाई पदमुक्त गर्न नेकपा एमालेले तीन पटक प्रयत्न गरेको छ ।

४० सदस्यीय प्रदेशसभामा २० सांसद सहित एमाले पहिलो दल हो । त्यसैले पनि कर्णाली प्रदेशसभा संसदीय दलका नेता यमलाल कँडेलको मुख्यमन्त्री सपना स्वभाविक हो। त्यसैले पनि गएको वर्ष असोज यता मात्रै तीन पटक मुख्यमन्त्री बन्ने प्रयत्न गरे। पहिलो प्रयत्न गएको वर्ष २७ असोजमा गरेका थिए। त्यसबेला नेकपा एमाले र माओवादी केन्द्र थिएन । साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र कँडेलले अध्यक्ष केपी शर्मा ओली, बरिष्ठ नेता माधवकुमार नेपाल समूह र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तर्फका सांसदहरु समेत गरी बहुमत जुटाएर अविश्वासको प्रस्ताव ल्याए । तर नेता नेपाल तर्फका सात सांसद अविश्वासको प्रस्तावबाट पछि हटेसँगै अविश्वासको प्रस्ताव बिफल भयो।

मुख्यमन्त्री शाहीको पद जोगियो । दोस्रो पटक भने नेकपाको एकता प्रक्रिया भंग भएर एमाले र माओवादी केन्द्र ब्युतिएपछि भयो । यो प्रदेशमा एमालेसँग फेरि पनि २० सांसद थिए भने एक सांसदले पार्टी छोडेर एमाले प्रवेश गरेकाले माओवादीसँग १२ सांसद बाँकी पृष्ठ २ मा

> मुख्यमन्त्री पदबाट महिन्द्रबहादुर शाहीलाई हटाएर आफू मुख्यमन्त्री बन्न नेकपा एमालेका नेता यमलाल कँडेलले गरेको दुई पटकको प्रयास बिफल भइसकेको थियो । अझ एमालेका चार सांसद पदमुक्त गर्ने निर्णयले भने अब यो संसदको कार्यकालमा उनी मुख्यमन्त्री बन्ने संभावना समेत लगभग टरेको छ ।



## रोकिएनन् ओली


दीपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, १८ साउन ।

पार्टी एकता प्रक्रिया जारी रहेका बेला नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने दशौं राष्ट्रिय महाधिवेशनको कार्यतालिका तय गर्ने देखि विभाग गठनहरु गर्दै अगाडि बढेका छन् । सोमबार तुलसीलाल स्मृति भवनमा बसेको आफू पक्षीय स्थायी कमिटी बैठकबाट ओलीले नौ विभाग गठन गरेका छन् ।

अधिकतम २५ सदस्यसम्म रहन सक्ने व्यवस्था भए पनि पार्टीमा असन्तुष्ट पक्ष काममा फर्कने सक्ने अपेक्षा सहित ६ देखि १५ संख्यामा मात्रै सदस्य मनोनयन गरी विभाग गठन गरिएको प्रवक्ता प्रदीपकुमार ज्ञवालीले बताए । उनले पार्टीलाई अब नयाँ गतिका साथ अघि बढाउने बताए ।

एमालेलेयसअघि केन्द्रीय विभागका प्रमुखहरूको जिम्मेवारी तोकिसकेको थियो । विभागहरूमा पार्टी स्कुल विभाग (प्रमुख: केपी शर्मा ओली), संगठन विभाग (प्रमुख: विष्णुप्रसाद पौडेल), प्रचार विभाग (प्रमुख : प्रदीप ज्ञवाली), संसदीय विभाग (प्रमुख : सुवास नेम्वाङ), आर्थिक विभाग (प्रमुख : विष्णु रिमाल), पर्यटन प्रवर्द्धन विभाग (प्रमुख : भानुभक्त ढकाल), विदेश विभाग (प्रमुख : डा राजन भट्टराई), स्थानीय तह विभाग (अग्नि खरेल) र निर्वाचन विभाग (प्रमुख : देवेन्द्र दाहाल) तोकिएका छन् ।

एमालेले आगामी भदौ २७ र २८ गते काठमाडौँमा पार्टीको विधान महाधिवेशन आयोजना गर्ने तयारीबारे मस्यौदा तयारी र व्यवस्थापन कमिटीबारे आइताबार निर्णय गरेको थियो । विधान अधिवेशन अगावै प्रस्तावित विधान केन्द्रीय कमिटीबाट पारित गरी छलफलका लागि तल्ला कमिटीमा पठाउने सो पार्टीको व्यवस्था छ । ती विषयमा छलफल गर्न एमालेले यही साउन २४ गते केन्द्रीय कमिटीको बैठक आह्वान गरेको छ ।



> एकता वार्ता कायमै रहेका बेला नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू पक्षीय स्थायी कमिटी बैठक राखेर महाधिवेशनको मिति तय गर्ने देखि विभागहरू समेत गठन गरेका छन् ।

एमालेको आन्तरिक समस्या समाधान कार्यदलले गत असार २७ गते तयार गरेको १० बुँदे सहमतिका आधारमा पार्टीलाई एकताबद्ध बनाउन पहल जारी रहे पनि वरिष्ठ नेता माधवकुमार नेपाल पक्ष बैठकमा अनुपस्थित हुँदै आएको छ ।

विधान महाधिवेशनमा पेश गरिने राजनीतिक प्रतिवेदनको मस्यौदा तयार गर्न पार्टीका अध्यक्ष केपी शर्मा ओली र सङ्ठनात्मक प्रतिवेदन तयार गर्न महासचिव ईश्वर पोखरेलको संयोजकत्वमा कार्यदल गठन भएको छ । पार्टीका स्थायी कमिटी सदस्य रामबहादुर थापाको संयोजकत्वमा विधान महाधिवेशन व्यवस्थापन कार्यदल गठन गरेको छ । एमालेले असोजको पहिलो साता देशभरका सबै वडास्तरका अधिवेशन र दोस्रो साता सबै पालिकास्तरका कमिटीमा अधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरेको छ ।

## क्यूआर कोडसहितको खोप प्रमाणीकरण गर्न दूतावासको आग्रह

मध्यान्ह संवाददाता
काठमाडौं, १८ साउन

यूएईस्थित नेपाली दूतावासले वैदेशिक रोजगारसहित सबै प्रकारका भ्रमणमा उक्त मुलुक जानेले अनिवार्यरुपमा क्यूआर कोडसहित कोरोना खोप प्रमाणीकरण गर्न आग्रह गरेको छ । नेपालमा कोरोना भाइरस संक्रमण बढेपछि हाल यूएईमा नेपालबाट उडान रोकिएको छ। तर नेपाली दूतावासले पछिल्लो समय खाडीका धेरै देशहरुले यात्रुले कोरोना भाइरसविरुद्धको खोप लगाएको प्रमाणमा क्यूआर कोड पनि मागिरहेकाले यूएईले पनि चाँडै यस्तो नियम लगाउन सक्ने भन्दै नेपाली दूतावासले क्यूआर कोड अनिवार्यरुपमा लिन भनेको हो ।

नेपालमा रहेका राहदानी नवीकरण गर्नुपर्ने वा नयाँ लिनुपर्नेहरुले कोरोनाविरुद्धको खोप लिई नसकेको अवस्थामा कोरोना भाइरस भ्याक्सिन सम्बन्धी स्वास्थ्य तथा जनासंख्या मन्त्रालयको वेबसाइटमा गएर प्री इनरोलमेन्ट फारम भरी खोप लगाई क्यूआर कोडसहितको खोप प्रमाणपत्र लिनुपर्ने दूतावासको भनाइ छ ।

क्यूआर कोडसहितको खोप प्रमाणपत्र नभएमा भविष्यका दिनमा यूएई यात्रामा समस्या हुन सक्ने



भन्दै दूतावासले यूएईमा विभिन्न पेशा व्यवसाय गरेर बसेका नेपालीलाई पनि नेपालमा रहेका आफ्ना आफन्तहरुलाई क्यूआर कोडसहितको खोप प्रमाणपत्रबारे जानकारी गराउन आग्रह गरेको छ ।

यूएईमा नेपाली कामदारले होटल, रेष्टुरेण्ट, सुरक्षा गार्ड, मल तथा अन्य सेवाका क्षेत्रमा रोजगारी गर्ने गरेका छन्। वैदेशिक रोजगारीका लागि विभिन्न देशमा जाने कामदार हरुले कोरोनाविरुद्धको खोप लगाएको क्यूआर कोडसहितको प्रमाण पत्र नदिएको भन्दै सडक प्रदर्शनमा उत्रिएका थिए । वैदेशिक रोगजारीमा जान श्रम स्वीकृति लिएका कामदार आइतबार काठमाडौंको भद्रकालीमा तत्काल खोप कार्डको व्यवस्था गर्न माग गर्दै प्रदर्शन गरेका थिए ।

त्यसैगरी दूतावासले यूएईमा कोरोनाको खोप लिइसकेका नेपालीले उक्त खोप लगाएको प्रमाण साथमा राखेर विदेश यात्रा गर्नपनि आग्रह गरेको छ ।

### वैदेशिक रोजगार विशेष

## मलेसियामा नेपाली कामदारको मृत्युदर बढ्दो

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि मलेसियामा रहेका नेपाली कामदारहरुको मृत्युदर बढेको छ । सरदर दुई दिनमा तीन जना कामदारको मृत्यु हुने तथ्यांक रहेको मलेसियामा एकै महिनामा ६७ जना नेपाली कामदारको मृत्यु भएको छ । पछिल्लो तथ्यांकले दुई दिनमा करिब ५ जनाको मृत्यु भएको देखाएको छ । पछिल्लो एक महिनामा मलेसियामा कोरोना भाइरस संक्रमणका कारण ३८ जना र अन्य विभिन्न कारणले २९ जना गरी ६७ जना कामदारको मृत्यु भएको हो । मलेसियास्थित नेपाली दूतावासका द्वितीय सचिव प्रतीक कार्कीले मलेसियामा कोरोना भाइरसको संक्रमण शुरु भएदेखि अहिलेसम्म जम्मा ६५ जना नेपाली कामदारको मृत्यु भएको र करिब ६ हजारको हाराहारीमा नेपाली संक्रमित भएको अनुमान गरिएको बताए।

एक ठाउँमा धेरै कामदारहरुले काम गर्ने ठुला उत्पादन कम्पनीमा कार्यरतहरु बढी संक्रमित रहेको देखिएको छ भने मृत्यु हुनेहरुमा सुरक्षागार्ड धेरै रहेको बताइएको छ । हाल मलेसियामा एक लाख ६० हजारको हाराहारीमा नेपाली कार्यरत रहेका छन् । मलेसियामा सोमबारसम्म ११ लाख ४६ हजार १ सय ८६ संक्रमित र ९ हजार भन्दा बढीको मृत्यु भएको छ ।

## नयाँ सरकार बनाउन विपक्षी गठबन्धन सक्रिय

आचार्य प्रदीप/मध्यान्ह
बुटवल, १८ साउन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेललाई हटाउन विपक्षी गठनबन्धन तातेका छन् । पूर्व प्रदेश प्रमुख धर्मनाथ यादवले असंवैधानिक हटेर अमिक शेरचन नियुक्त भएसँगै उत्साहित विपक्षी सरकार बदल्ने प्रयत्नमा लागेका हुन् । विपक्षी गठबन्धनले १६८(२) अनुरुपको सरकारका लागि प्रदेश प्रमुख शेरचनलाई निवेदन दिएका छन् ।

विपक्षी गठबन्धन नेकपा माओवादी केन्द्र, नेपाली काँग्रेस, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा सहितका दलले सोमबार निवेदन दिएका हुन् । काँग्रेस संसदीय दलका नेता वीरेन्द्र कुमार कनौडिया, माओवादी केन्द्रका संसदीय दलका नेता कुलप्रसाद केसी, जसपा नेपालका संसदीय दलका नेता सहसराम यादव र राष्ट्रिय जनमोर्चाबाट तारा जिसीले निवेदनमा हस्ताक्षर गरेका छन् ।

सभामुख बाहेक ४१ जनाको हस्ताक्षर सहित लेखिएको निवेदनमा भनिएको छ, 'प्रदेशसभामा तत्काल कुनै पनि दलको स्पष्ट बहुमत नरहेकाले संविधानको धारा १६८ को २ अनुसारको सरकार गठनका लागि आह्वान गर्नुपर्नेमा सो अनुसार



नगरी प्रदेशसभामा तत्कालीन समयमा जम्मा ३८ जना सदस्य रहेको नेकपा एमाले दलका नेता मा.शंकर पोखरेललाई धारा १६८ (१) अनुसार मुख्यमन्त्रीमा प्रदेश प्रमुख मा. धर्मनाथ यादव ज्यूबाट संविधान विपरित हुने गरी नेपालको संविधान, संसदीय शासन प्रणालीका आधारभुत मूल्य, मान्यता, मर्म, भावना र संवैधानिक परम्परा विपरित संविधानको जालसाजी प्रयोग गरी नियुक्ति र सपथ गराइयो ।'

उनीहरुले गएको २६ वैशाखमा प्रदेशसभाका बहुमत सदस्यले मुख्यमन्त्री बिरुद्ध दिएको अविश्वासको प्रस्ताव माथि छलफल नभएकाले तत्कालीन प्रदेश प्रमुख यादवले नियोचित रुपमा असंवैधानिक कार्य गरेको बताउँदै अब छिट्टै बहुमतको सरकार निर्माण गर्ने वातावरण खोल्न आग्रह गरेका हुन् । विपक्षी गठबन्धनले संविधानको धारा १६८ को १ बमोजिम मुख्यमन्त्रीमा पोखरेल नियुक्त हुँदा नेकपा एमाले संसदको बहुमत प्राप्त संसदीय दल नरहेको बताउँदै बाँकी पृष्ठ २ मा

**चाहियो**

सामाखुसी–गोगंबु एरियामा 3 BHK FLAT चाहियो ।

सम्पर्क: 9818350748

# लुम्बिनीकी सांसद वली एमालेमै फर्किइन्

**आचार्य प्रदिप/मध्यान्ह**
बुटवल, १८ साउन

लुम्बिनी प्रदेश दाङको निर्वाचन क्षेत्र नम्बर ३ ख बाट विजयी बनेकी सांसद बिमला वली खत्रीले बैशाख १९ गते माओवादी केन्द्र रोज्दै मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेकी थिइन् । शुक्रबार बिहान देखि शनिबार दिउँसोसम्म सम्पर्कमा नरहेकी उनले सोमबार विज्ञप्ति निकाल्दै एमालेमै रहेको बताएकी छन् ।



पति उत्तरकुमार वलीको निधनपछि सांसद बनेकी खत्रीले माओवादी केन्द्र छाडी एमालेमा आएको विज्ञप्ति निकाल्दै जनाएकी हुन् । उनले सूर्य चिन्हबाट चुनाब जितेको र अहिले सूर्य चिन्ह एमालेको रहेकाले एमाले छाडेर माओवादी रोज्ने कुरा कानूनी रुपमा ठिक नभएकाले एमालेमै रहेको स्पष्ट पारेको विज्ञप्तिमा उल्लेख गरेकी छन् ।

उनले माओवादी केन्द्र रोज्दा पत्रकार सम्मेलन गर्दै वलीले आफूलाई कसैले माओवादीमा लाग्न दबाब नदिएको र आफूले राजीखुसी पार्टी छानेको बताएकी थिइन् । विमलाका श्रीमान् उत्तरकुमार ओली भने २०७४ सालमा एमालेबाट निर्वाचित भएका थिए । उनको सवारी दुर्घटनामा मृत्यु भएपछि विमला प्रदेशसभा सदस्यमा निर्वाचित भएकी थिइन् ।

उपनिर्वाचनमा आफूले माओवादी नेताहरूबाट नै बढी समर्थन र सहयोग पाएकाले सोही पार्टीमा लाग्ने निर्णय आफूले गरेको विमलाको भनाइ थियो । ओली दाङ प्रतिनिधिसभा निर्वाचन क्षेत्र ३ को प्रदेश सभा निर्वाचन क्षेत्र (ख) मा भएको उपचुनावमा नेकपाबाट निर्वाचित भएकी थिइन् । माओवादी केन्द्रको समुहमा गनिएकी उनी एमालेमा फर्कदा एमालेको संख्या ३९ भएको छ । उनी एमालेमा फर्किएपनि शंकर पोखरेल अल्पमतमै छन् ।

# ब्याँसको तिङ्कर र दुम्लिङमा खाद्य बिक्री केन्द्र स्थापना गर्न माग

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १८ साउन

दार्चुलाको उत्तरी क्षेत्रमा पर्ने त्रीदशीय सिमानाकामा पर्ने ब्याँस गाउँपालिकाको वडा नम्बर १ को तिङ्करमा र वडा नम्बर २ को दुम्लिङमा खाद्य बिक्री केन्द्र स्थापनाको माग गर्दै ब्याँस गाउँपालिका अध्यक्ष दिलिप सिंह बुढाथोकी र नेपाली कांग्रेस दार्चुलाका पार्टी सभापति ललित सिंह बोहराले नेपाल खाद्य संस्थान तथा बिक्री वितरण विभाग प्रधान कार्यालय काठमाडौंसँग माग गरेका छन् ।



खाद्य बिक्री केन्द्र स्थापनाको लागि माग पत्र बुझाएर छलफल समेत गरिएको गाउँपालिका अध्यक्ष बुढाथोकीले मध्यान्हलाई जानकारी दिए । भौगोलिक रूपमा विकट ब्याँस गाउँपालिकाको वडा नम्बर १ को छाङरु खाद्य डिपोको लागि आ.व २०७७/०७८ मा ५०० क्विन्टल चामलको स्वीकृति भइ ठेक्का मार्फत चामल खरिद गरिएपनि नेपालबाट छाङरु पुग्ने बाटो नभएकाले चामल छाङरुसम्म पुग्न सकेको छैन, जसका कारण छाङरुमा खाद्यान्न अभाव हुने भएकाले उक्त अवस्थालाई मध्यनजर गर्दै हेलिकप्टर मार्फत खाद्यान्न तथा दैनिक उपभोगका सामग्री ढुवानी गर्ने व्यवस्था मिलाउनसमेत आग्रह गरिएको गाउँपालिका अध्यक्ष बुढाथोकीले बताए ।

# महासंघ र अर्थमन्त्रीबीच छलफल



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले नवनियुक्त अर्थ मन्त्री जनार्दन शर्मासँग कोभिडले सञ्चार क्षेत्रमा पारेको प्रभाव र त्यसको समाधान तथा बजेट कार्यान्वयनका विषयमा छलफल गरेको छ । महासंघ केन्द्रीय कार्यालयमा अर्थमन्त्री शर्मालाई स्वागत गर्दै कोभिडले सञ्चार क्षेत्रमा पारेको प्रभाव र त्यसको समाधान तथा बजेट कार्यान्वयनका विषयमा छलफल गरेको हो ।

कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले प्रेस स्वतन्त्रताको रक्षा र श्रमजीवी पत्रकार साथै, स्वरोजगार मुलक मिडियाको रक्षाका लागि सबै सरोकारवालासँग छलफल गरी योजना ल्याउने बताए ।

शर्माले निरन्तर सुधारको आन्दोलन आवश्यक रहेको भन्दै ऐन कानुन निर्माण, संस्थागत कमिकमजोरीको सुधार र कार्ययोजना निर्माणमा आवश्यक सुझाव दिन आग्रह गरे । उनले सत्यतथ्य सूचना संप्रेषणमा ध्यान दिन आग्रह गर्दै सरकारको स्वस्थ्य आलोचना गर्न समेत आग्रह गरे ।

महासंघका कार्यवाहक अध्यक्ष रमेश विष्टले मन्त्री शर्मालाई कार्य सफलताको शुभकामना दिँदै कोभिडले सञ्चार क्षेत्रमा धेरै ठुलो प्रभाव परेको भन्दै पत्रकारहरु पेशाबाट विमुख हुने अवस्था रहेको अवगत गराए । उनले मुख्यगरी साना लगानीका सञ्चारमाध्यम र तिनमा आश्रीत पत्रकारहरु मारमा परेको भन्दै त्यसको सम्बोधन गर्न सरकारसँग आग्रह गरे ।

महासंघका महासचिव रोसन पुरीले कोभिडले श्रमजीवी पत्रकार तथा तिनका आश्रीत परिवारलाई ठूलो मारमा पारेको भन्दै सरकारले त्यसको समाधानका लागि योजना ल्याउनुपर्ने बताए ।

भेटमा कार्यवाहक अध्यक्ष रमेश विष्टले बजेट कार्यान्वयनका साथ साथै सञ्चारसँग सम्बन्धित विभिन्न कानुनको विश्लेषण गरी तयार पारेको पुस्तिका मन्त्री शर्मालाइ हस्तान्तरण गरेका थिए ।

# श्रीलंका लगेर बन्धक बनाउने महिला जेल चलान

**काठमाडौं/मस-** महिलालाई श्रीलंका पुऱ्याएर बेचबिखन गर्ने आरोपमा पक्राउ परेका एक महिलालाई जेल चलान गरिएको छ ।

प्रहरीको मानव बेचबिखन नियन्त्रण ब्यूरोले कुवेतमा आकर्षक तलब कमाई हुन्छ भनी श्रीलंका लगेर २५ महिलालाई बन्धक बनाएको आरोपमा सुनसरी रामधुनी नगरपालिका-९ की ४० वर्षीया सावित्रीदेवी मलाह भन्ने सावित्री मुखियालाई पक्राउ गरेको थियो । पक्राउ परेकी मुखियालाई काठमाडौं जिल्ला अदालतको यही साउन १५ को आदेशले पुर्पक्षका लागि केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल थुनामा पठाएको प्रहरीले जनाएको छ ।

ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक अनुरागकुमार द्विवेदीले महिलाहरुलाई आकर्षक तलब हुन्छ भनी काठमाडौंबाट सप्तरीको राजविराज हुँदै हनुमाननगर नाकाबाट भारतको नयाँ दिल्ली हुँदै श्रीलंका पुऱ्याएर बन्धक बनाउने कार्यमा संलग्न रहेको आरोपमा मुखियालाई पक्राउ गरिएको जानकारी दिए ।

उनले भने, 'पीडित महिलालाई राहदानी बनाउन लगाएर मुखियाले श्रीलङ्का पुऱ्याई बन्धक बनाएको अनुसन्धानमा खुल्न आएको छ ।' बन्धक बनाएका महिलालाई श्रीलङ्का प्रहरीको सहयोगमा उद्धार गरिएको ब्यूरोले जनाएको छ । पक्राउ मुखियालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार अनुसन्धान गरिएको प्रवक्ता द्विवेदीको भनाइ छ ।

# तीन हजार १२५ संक्रमित थपिए

**काठमाडौं/मस-** नेपालमा सोमबार थप तीन हजार १२५ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार सोमबार १३ हजार ८११ जनामा परीक्षण गर्दा तीन हजार १२५ जनामा संक्रमण देखिएको हो ।

यस्तै गत २४ घण्टामा एक हजार ९२५ जना यो संक्रमणबाट मुक्त भएका छन् । नेपालमा अहिलेसम्म छ लाख ५८ हजार १२२ जना यो संक्रमणबाट मुक्त भएका र निको हुने दर ९४.१ प्रतिशत रहेको छ । सोमबार संक्रमणबाट २३ जनाको निधन भएको छ । सोमबार निधन भएकासँगै नेपालमा कोरोना भाइरसको संक्रमणबाट नौ हजार ८९८ जनाको ज्यान गएको छ । हाल सघन उपचार कक्ष (आइसियु) मा ६९० जना र भेन्टिलेटरमा १७५ जना उपचार गराइरहेका पनि मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

# माघसम्म ५ करोड २२ लाख खोप आउँछः स्वास्थ्य राज्यमन्त्री

**काठमाडौं/मस-** स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले सरकारी तलब र सुविधा नलिने घोषणा गरेका छन् । मन्त्री भएपछि पहिलो पटक गरेको पत्रकार सम्मेलन मार्फत आफ्नो एक सय दिने कार्ययोजना सार्वजनिक गर्दै उनले सुरक्षाकर्मी बाहेकका सवै सरकारी सुविधा नलिने घोषणा गरेका हुन् । मन्त्रीको रुपमा आवास, तलबभत्ता लगायतको कुनै पनि सेवा सुविधा नलिने श्रेष्ठले घोषणा गरेका हुन । राज्य मन्त्री श्रेष्ठले आफू आबद्ध सबै व्यवसायीक संस्थाबाट अलग्गिएको घोषणासमेत पत्रकार सम्मेलनमा गरेका छन् ।



आफ्नो स्वार्थ बाझिने कुनै पनि निर्णय प्रक्रियामा समेत सहभागी नहुने उनले प्रतिबद्धता जनाएका छन् । उनले १७ दिनभित्र जेष्ठ नागरिकले कोभिशिल्डको दोस्रो मात्रा पाउने पनि उनले जानकारी दिए ।

जापानले उपलब्ध गराउने भनेको खोप १४ दिनभित्र आइपुग्ने त्यसको तीन दिनभित्र लगाउने योजना उनले सार्वजनिक गरेका हुन् ।

चीनले अनुदानमा दिएको १६ लाख र जापानले दिएको १६ लाख खोप दुई साताभित्र आइसक्नेछ । भुटानले दिएको ३ लाख डोज खोप पनि छिट्टै आइपुग्ने उनले जानकारी दिए ।

मोडेर्नाको ४० लाख खोप खरिदका लागि विश्व बैंकमार्फत रकम भुक्तानी गरेको उनले बताए । अमेरिकी कम्पनी जोनसन एण्ड जसनसको ५० लाख, फाइजरको ४० लाख र एस्ट्राजेनेकाको २० लाख खोप खरिदको प्रक्रिया पनि अघि बढेको स्वास्थ्य राज्यमन्त्री श्रेष्ठले जानकारी दिए । चीनको सिनोफार्म कम्पनीसँग ६० लाख खोप खरिदका लागि सम्झौता भइसकेको छ । मन्त्री श्रेष्ठले आफ्ना २३ बुँदे कार्ययोजना सार्वजनिक गरेका छन् । जसमा आगामी माघभित्र पाँच करोड २२ लाख खोप प्राप्त हुने उल्लेख छ ।

खरिद अनुदान र कोभ्याक्समार्फत् माघसम्म पाँच करोड २२ लाख ८२ हजार खोप प्राप्त हुने अवस्था रहेको उनले पत्रकार सम्मेलनमा जानकारी दिए । ९७ लाख खोप आइसकेको र कोभ्याक्स कार्यक्रममार्फत पनि १ करोड १३ लाख डोज खोप आउँदा ५ करोड २२ लाख ८२ हजार खोप उपलब्ध हुने मन्त्रालयको अनुमान छ ।

## कँडेलको...

मात्रै थिए । त्यसैले कँडेलले समर्थन फिर्ता लिए । यसपछि मुख्यमन्त्री शाहीले विश्वासको मत लिए । ३ वैशाखमा फेरि दलका नेता शाहीको लगाएको ह्वीप बिपरीत एमालेकै चार सांसदले फ्लोर क्रस गरे ।

तर फ्लोर क्रस गर्ने सांसदहरुलाई पदमुक्त गर्ने निर्णय खारेज गर्दै पुनर्बहालीको अन्तरिम आदेश अदालतले दियो । फेरि पनि एमाले बनेका चार सांसदलाई आफ्नो पक्षमा उभ्याएर सरकार बदल्ने प्रयास कँडेलले गरे । कँडेलले प्रदेशसभा अवरुद्ध गर्दै चार सांसद एमालेतिर उभिन माग गरेपछि मुख्यमन्त्री शाहीले अध्यादेशबाट बजेट ल्याए । तर पार्टी अध्यक्ष केपी शर्मा ओली भ्याकेटमा गए । भ्याकेटको सुनुवाइ गर्दै अदालतले चार सांसद पदमुक्त गर्ने फैसला सुनायो भने अन्तरिम आदेश खारेज गरियो ।

यसले फेरि नोक्सान भने एमालेलाई पुगेको छ भने कँडेल मुख्यमन्त्री नबन्ने निश्चित भएको छ । किनकि संसद् समीकरणमा अव कर्णालीमा एमालेका १५ र राप्रपाका एक सांसद मात्रै रहे भने मुख्यमन्त्री शाहीको पक्षमा १८ सांसद छन् । एमालेका सांसद राजबहादुर बुढा सभामुख रहेको र माओवादीका एक सांसद पदमुक्त भइसकेकाले पनि मुख्यमन्त्री शाहीलाई आवश्यक बहुमत पुगेको छ ।

## शाहीलाई...

केन्द्रीय कमिटीले मात्रै कारबाही गर्नसक्ने भन्दै फ्लोर क्रस गर्ने सांसदहरुलाई पुनर्बहाली गर्न अन्तरिम आदेश दिएको थियो ।

यो आदेश आदेश विरुद्ध एमाले अध्यक्ष केपी शर्मा ओली आफैँ भ्याकेट निवेदन सहित सर्वोच्च अदालत गए । पदमुक्त गरिएको प्रदेशसभाका चारै सदस्यलाई पुनर्बहाली गरिएपछि अन्तरिम आदेश खारेजीको माग सहित एमाले अध्यक्ष ओलीले गत असार ७ गते सर्वोच्चमा भ्याकेट निवेदन दिका हुन् । उक्त भ्याकेटको सनुवाइ गर्दै प्रधानन्यायाधीश जबरा र न्यायाधीश ढुङ्गानाले 'माग बमोजिम हुने' आदेश दिएका छन् । संयुक्त इजलासले संसदीय दलको निर्णय विपरीत फ्लोर क्रस गर्नु लोकतान्त्रिक पद्धति एवं संस्कार र मान्यता अनुकूल नभएको ठहर गरेको छ ।

एमाले केन्द्रीय कमिटीले निर्णय गरेर दशौं राष्ट्रिय महाधिवेशन आयोजक समिति गठन भएको र सो आयोजक समिति नै एमालेको आधिकारिक कार्यकारी कमिटी भएको हुनाले कारवाहीलाई मान्यता दिन अध्यक्ष ओलीले भ्याकेट हालेका थिए । सर्वोच्च अदालतले एमालेको कारवाहीलाई वैधता दिएको छ । तर फेरि पनि यसको लाभ भने मुख्यमन्त्री शाहीलाई नै पुगेको छ । एमालेका चार सांसद पदमुक्त भएपछि अब प्रदेशसभा ३५ सदस्यीय बनेको छ । मुख्यमन्त्री शाहीलाई माओवादी केन्द्रका १२ र नेपाली काँग्रेसका ६ सांसदको समर्थन छ । अर्थात्, २० सांसद सहित प्रदेशसभाको सवैभन्दा ठूलो दल भने अब पूरा कार्यकाल विपक्षमा रहने निश्चित भएको छ ।

## नयाँ ...

जसपाका मन्त्री मिसाएर सरकार बनाएपनि एक अनुसार नै बनाएको दाबी गर्नु गैरसंवैधानीक कार्य रहेको बताएका हुन् । उनीहरुले एमालेसँग अहिले ३८ सांसद मात्रै रहेको दाबी गर्दै बहुमतको लागि न्युनतम पनि ४१ सांसद चाहिने र आफुहरुको गठबन्धन बहुमतको रहेको टिप्पणी गरेका हुन् । विपक्षीहरुले मुख्यमन्त्री पोखरेलले अवैधानिक र अनैतिक ढंगले सरकार चलाइरहेको भन्दै निवेदनमा नेपालको संविधानको धारा १६८ को २ बमोजिम प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने छ भन्ने बाध्यात्मक संवैधानिक व्यवस्थाको विषयमा प्रदेश प्रमुख शेरचनको ध्यानाकर्षण गराइएको छ । निवेदनमा भनिएको छ, 'लुम्बिनी प्रदेशसभामा तत्काल कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थाको विद्यमानता भएकोले संविधानको धारा १६८ को १ बमोजिम नियुक्त मा मुख्यमन्त्री शंकर पोखरेल नेतृत्वको सरकार नियुक्तिको धारा अनुसारको संवैधानिक हैसियतमा नरहेको अवस्थाको विद्यमानतामा नेपालको संविधानको धारा १६८ को २ बमोजिमको सरकार गठनको लागि आह्वान गरी पाउन माननीय प्रदेश प्रमुखज्यु समक्ष सादर निवेदन गर्दछौं ।' विपक्षी गठबन्धनले लामो समयदेखि मुख्यमन्त्री शंकर पोखरेललाई विश्वासको मत लिएर देखाउन चुनौती दिँदै आएको थियो । तर मुख्यमन्त्री पोखरेलले विभिन्न बहाना देखाएर विश्वासको मत लिन आनाकानी गर्दै आएका थिए ।

# नवलपरासीमा ३३ लाख रुपैयाँसहित दुईजना पक्राउ

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १८ साउन

नवलपरासीमा १८ लाख ५० हजार नेपाली रुपैयाँ र ९ लाख भारतिय रुपैयाँसहित २ जना पक्राउ परेका छन् ।

सोमबार बर्दघाट नगरपालिका वडा नं. १२ भटौलियास्थित परासी - नारायण चोक हुलाकी सडक खण्डमा लु १६ प ३७२९ नं. को मोटरसाईकलाई शंका लागि चेकजाँच गर्ने क्रममा उक्त रकम भेटिएको हो ।

पक्राउ पर्नेमा मोटरसाइकलमा सवार पाल्हिनन्दन गाउँपालिका वडा नं. २ बस्ने वर्ष ३५ का योगेन्द्र यादव र भारत उत्तर प्रदेश जिल्ला महाराजगंज ठुठीवारी बस्ने वर्ष २७ को समिर खान रहेका छन् ।



उनीहरुको साथबाट प्रहरीले भारतिय २ हजारका २०७ थान नोट (४ लाख १४ हजार भा.रु.), भारतीय ५ सयका ९७२ थान नोट (४ लाख ८६ हजार भा.रु.) गरी जम्मा ९ लाख भारतिय रुपैयाँ साथै नेपाली १ हजारका १ हजार ६९ थान नोट (१० लाख ६९ हजार रुपैयाँ) र ५ सयका १५ सय ६२ थान नोट (७ लाख ८१ हजार रुपैयाँ) गरी जम्मा १८ लाख ५० हजार नपाली रुपैयाँ फेला परेको छ । पक्राउ परेका व्यक्तिहरुले तत्काल उक्त रकमको श्रोत खुलाउन नसकेपछि मोटरसाइकलसहित दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा बुझाइएको इलाका प्रहरी कार्यालय सेमरीले जनाएको छ ।

# बाढी प्रभावितलाई सहयोग

**देवराज सुवेदी, मध्यान्ह**
सिन्धुपाल्चोक, १८ साउन

सिन्धुपाल्चोक मेलम्ची-११ का बाढी प्रभावितलाई अष्ट्रेलियाबाट पठाइएको राहत रकम हस्तान्तरण गरिएको छ । मेलम्ची-११ स्थायी घर भई हाल अस्ट्रेलियामा रहेका देवराज दुलालको सक्रियतामा संकलित रकम प्रभावित परिवारलाई हस्तान्तरण गरिएको हो ।

एनआरएनए अस्ट्रेलिया सिड्नी, भिजन फर मोटिभेसन असपाली ग्रुप तथा नेपालीहरुबाट दुई लाख ७५ हजार पठाइएको सहजकर्ता चुडामणि दुलालले बताए । यसअघि एनआरएनएबाट नगरको राहत कोषमा ८५ हजार र सोमबार ५० हजार गरी एक लाख ३५ हजार प्रदान गरिएको छ भने बजार व्यवस्थापन समितिलाई ५० हजार र रेडियो मेलम्चीलाई २० हजार प्रदान गरिएको छ । सोमबार मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्याललाई चुडामणि दुलाल र योगप्रसाद दुलालले सहयोग राशीको चेक हस्तान्तरण गरे । प्रमुख अर्यालले सहयोगी सबैलाई धन्यवाद दिए । रेडियो मेलम्चीका अध्यक्ष डम्बर रसिक भारतीले सहयोग ग्रहण गर्दै रेडियोप्रति सद्भाव राख्ने सबैप्रति आभार प्रकट गरे ।


**CYPRUS मा रोजगार** १. कम्पनी : C. & C. PRIVATE EMPLOYMENT AGENCY, CYPRUS

पुर्व स्वीकृत मिति: २०७७/१२/03 चलानी नं.: ६०१५५६६८ L.T. No.: 237388 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Chef A | 3 | 0 | सम्बन्धित काममा दक्ष | 850 | ११९,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook Chef B | 3 | 0 | | 775 | १०९,२५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन २६ गते (10 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

APPS SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: ११७२/०७३/०७४
Balkumari-8, Lalitpur, Nepal, Phone : 5186018



**अक्फोड म्यानेजमेन्ट सिष्टम प्रा.लि.को सार्वजनिक सूचना**

Licence No.: 065-066-781

पुन: सूचना

२०७६/५/३१ गते बाट आजको मितिसम्म यस प्रा.लि.ले कुनै पनि कार्य नगरेको हुँदा हाल प्रा.लि. प्रति परिआएको प्रत्यक्ष असर प्रा.लि.को कुनैपनि निर्णय नभई सञ्चालक झलक गुरुङ र सुरज बहादुर श्रेष्ठज्यूले नितान्त व्यक्तिगत रुपमा कारोबार गरेकोले यस व्यक्तिगत कारोबार प्रति प्रा.लि. कुनै जिम्मेबार नरहेको हुनाले बैदेशिक रोजगार बिभागमा प्रा.लि. प्रति परेको उजुरी व्यक्तिगत रुपमा आएको हुँदा जति सक्दो छिटो फरफारक गर्नहुन अनुरोध गर्दछु ।

साथै प्रा.लि. प्रति आर्थिक कारोबार लेनदेन भए ७ दिन भित्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं अन्यथता प्रा.लि. जिम्मेबार हुनेछैन ।

सम्पर्क नं.: ९८५१२६६६६१/९८१३३३६००१/९८५१०४२४५१

अक्सफोर्ड म्यानेजमेन्ट सिस्टम प्रा. लि.
सामाखुसी, काठमाडौं, नेपाल, फोन नं. ०१-४५३४७२४, फ्याक्स: ०१-४५३४७२५



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/१२/२० मा दर्ता भएको **प्रा.लि. नं. ९२०७६** को **दि ग्रीन क्याफे एण्ड पार्टी मेन्यू प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## चोरी भएको छिन्नमस्ता देवीको मुकुट भेटियो



**इसत्याक अहमद/मध्यान्ह**
सप्तरी, १८ साउन

सप्तरीमा रहेको देशकै प्रसिद्ध छिन्नमस्ता देवीको मूर्तीबाट चोरी भएको मुकुट फेला परेको छ। जिल्ला प्रहरी कार्यालयले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी मुकुट चोरी गरेको आरोपमा पक्राउ परेका सप्तरीको विष्णुपुर गाउँपालिका-५ मझौउका लक्ष्मण मण्डलका २३ वर्षीय छोरा राजेशकुमार मण्डललाई सार्वजनिक गरेको छ।

पक्राउ परेका मण्डलको मानसिक अवस्था सुस्त रहेको अनुसन्धानका क्रममा देखिएको प्रहरीले जनाएको छ।

स्थानीयवासीका अनुसार गाउँमा एक जनाले भगवतीको मुकुट लिएर हिँडिरहेको भनी प्रहरीलाई खबर गरेका थिए। खबर पाएलगत्तै प्रहरी टोली परिचाल गरी छिन्नमस्ता भगवतीको मुकुटसहित मण्डललाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए।

प्रहरीका अनुसार पक्राउ परेका मण्डलका साथबाट चाँदीको जस्तो देखिने धातुमा देवीको अनुहार अंकित मुकुट र मुकुटमा अंकित देवीको नाकमा सुनको जस्तो देखिने धातुको नथिया र निधारमा सुनकै जस्तो देखिने टीकासमेत करिब ५०८ ग्राम तौल रहेको जनाइएको छ। मुकुट चोरी गर्ने मण्डललाई नियन्त्रण लिएर थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक धमलाले बताए।

सप्तरी सदरमुकाम राजविराजदेखि करिब १३ किलोमिटर दक्षिण भारतीय सीमावर्ती क्षेत्रसँग जोडिएको सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ मा अवस्थित छिन्नमस्ता भगवती मन्दिरभित्र रहेको चाँदीको मुकुट (मस्तक) आइतबार साँझ चोरी भएको थियो। मुकुट चोरी भएको सूचना आएपछि प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यसहित सुरक्षा अधिकारी राति छिन्नमस्ता मन्दिर पुगेका थिए। मन्दिरमा सीसीटीभी क्यामेरा जडान गरिएको भएतापनि गत वर्ष असार महिनामा बिग्रेको क्यामेरा एक बर्ष बितिसक्दा पनि मर्मत गराउनेतर्फ कसैको ध्यान जान सकेको छैन।



काठमाडौं तीनकुने गैरी गाउँमा सडक छेउमा हुँर्किएको रुख। महानगरद्वारा स्वच्छ वातावरणको निम्ती भनेर व्यस्त सडकका दाँयाबाँया रोपिएका रुखहरु हुँर्किदै गइरहेका छन्। नगरले त्यस्ता रुखहरुलाई समयमै स्याहार सम्भार नगर्दा सडक दुर्घटना हुने सम्भावना बढेको छ। तस्बिर: दिपेन्द्र श्रेष्ठ/मध्यान्ह

# जयसिंह धामीको घटनाको प्रत्यक्षदर्शीलाई सदरमुकाम ल्याइयो

**गणेश सिंह धामी /मध्यान्ह**
दार्चुला, १८ साउन

महाकाली नदीमा तुइन तर्ने क्रममा बेपत्ता भएका जयसिंह धामीको घटनाबारे अनुसन्धान गर्न तुइन काट्दा देखेको हो भन्ने प्रत्यक्षदर्शी तीन जनालाई सोमबार जिल्ला सदरमुकाम खलंगा ल्याइएको छ। दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट जोशीका अनुसार तुइन तर्दै गर्दा देख्ने तीन जना प्रत्यक्षदर्शीलाई जिल्ला प्रशासन कार्यालयमा ल्याईएको हो। यसअघि नै शसस्त्र प्रहरीका डीएसपीको नेतृत्वमा एउटा टोली र नेपाल प्रहरीका इन्सपेक्टरको नेतृत्वमा अर्को टोली घटनास्थल पुगेर घटनाको यथार्थ पत्ता लगाउन खटाइएको छ। दार्चुलाको व्यासबाट भारतको पिथौरागढको बाटो हुँदै जिल्ला सदरमुकाम जान लागेका स्थानीय ३३ वर्षीय जय सिंह धामी केही दिनअघि महाकाली नदीमा बेपत्ता भएका थिए। अस्थायी तुइनबाट पिथौरागढको बाटो हुँदै सदरमुकाम





जान लागेका उनलाई तुइन तर्दै गर्दा भारतीय सिमा सुरक्षा बल एसएसबीले तुइन काटिदिएर 'हत्या' गरिदिएको आरोप लागेको छ।

तर यतिबेलासम्म भारतीय सुरक्षाकर्मीले आफुहरुले तुइन नकाटेको दाबी गर्दै आएका छन्। प्रत्यक्षदर्शीले भने तुइन नजिकै हातमा आरा लिएका भारतीय सिमा सुरक्षा बल एसएसबीका जवानहरू देखेको र उनीहरुले नै तुइन काटिदिएको हुनसक्ने बताएका छन्। तुइन काटिएको सम्बन्धमा भारतीय सीमा सुरक्षा बल एसएसबीले भने अनभिज्ञता जनाउँदै आफ्नो संलग्नताबारे इन्कार गरेको छ।

भारतीय पक्षले तुइन काटिएको सम्बन्धमा इन्कारी जवाफ दिएपनि प्रत्यक्षदर्शीले भने तुइन काटिएको नै बताउँदै आएका छन्। पहिले पनि भारतीय सिमा सुरक्षा बलले बेला बेलामा सीमा नजिकका नागरिकहरुलाई कुट्ने पिट्ने देखि लिएर तुइन काट्ने समेत गरेको आरोप लगाइएको छ।

जय सिंह धामीको घटनालाई नजिकबाट देखेका व्यक्तिलाई सोधपुछको लागि सदरमुकाम बोलाइएको दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्टले मध्यान्हलाई जानकारी दिए।

## श्रमजीवी पत्रकारलाई सेवाबाट निष्काशन नगर: काउन्सिल




**काठमाडौं/मस-**प्रेस काउन्सिल नेपालले कोरोना संक्रमणको समस्यालाई देखाएर पत्रकारको सेवासुविधा कटौती गर्ने र सेवाबाट निष्कासन गर्ने कार्यलाई तत्काल रोक्न सम्बन्धित मिडियालाई आग्रह गरेको छ।

काउन्सिलअन्तर्गत श्रमजीवी पत्रकार हित तथा कानून उपसमितिको सोमबार बसेको बैठकले नेपाल रिपब्लिका मिडिया प्रा.लि.द्वारा सञ्चालित नागरिक दैनिकमा कार्यरत ३६ भन्दा बढी श्रमजीवी पत्रकारको सेवासुविधा उपलब्ध नगराएको, सेवाबाट निष्कासन गर्न खोजेको जस्ता कार्यप्रति सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने निर्णय गरेको छ। श्रमजीवी पत्रकारहरूलाई पारिश्रमिक उपलब्ध नगराउने र सेवाबाटै निष्कासन गर्ने जस्ता कार्य नियम, कानून विपरीत भएको काउन्सिलको भनाइ छ।

नागरिक दैनिकमा कार्यरत श्रमजीवी पत्रकारहरूले व्यवस्थापनप्रति असहमति जनाउँदै गरेको आन्दोलनपछि पत्रकार र नागरिक व्यवस्थापनबीचको समझदारीको कार्यान्वयनका बारेमा समेत काउन्सिलले अनुगमन गर्ने निर्णय गरेको काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले जानकारी दिए। बैठकले देशभरका सञ्चार गृहमा कार्यरत श्रमजीवी पत्रकारको अवस्थाबारे अध्ययन गर्ने निर्णय समेत गरेको छ।

## मेलम्चीका बाढी प्रभावितलाई अस्ट्रेलियाबाट सहयोग



**देवेन्द्र सुवेदी/मध्यान्ह**
मेलम्ची, १८ साउन

सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका वडा नं ११ स्थायी घर भई हाल अस्ट्रेलियामा रहेका देवराज दुलालको सक्रियतामा संकलित रकम प्रभावितहरुलाई हस्तान्तरण गरिएको छ।

एनआरएनए अस्ट्रेलिया सिड्नी, भिजन फर मोटिभेसन असपाली ग्रुप तथा नेपालीहरुबाट दुई लाख ७५ हजार संकलन गरी पठाइएको वितरणमा सहजीकरण गर्ने चुडामणि दुलालले जानकारी दिए।

एनआरएनएबाट नगरको राहत कोषमा यसअघि नै जम्मा गरिएको ८५ हजार र सोमबार ५० हजार गरी एक लाख ३५ हजार प्रदान गरिएको छ भने बजार व्यवस्थापन समितिलाई ५० हजार र रेडियो मेलम्चीलाई २० हजार प्रदान गरिएको छ। सोमबार मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्याललाई चुडामणि दुलाल र योगप्रसाद दुलालले सहयोग राशिको चेक हस्तान्तरण गरे। प्रमुख अर्यालले सहयोगी सबैलाई धन्यवाद ज्ञापन गरेका थिए। रेडियो मेलम्चीका अध्यक्ष डम्बर रसिक भारतीले सहयोग ग्रहण गर्दै रेडियोप्रति सद्भाव राख्ने सबैप्रति आभार प्रकट गरेका थिए। बाँकी रकम घर पूर्ण क्षति भएकालाई प्रदान गरिने पनि वितरण संयोजन गरिरहेका चुडामणि दुलालले मध्यान्हलाई जानकारी दिए।

## दार्चुला घटनाविरुद्ध महेन्द्रनगरमा मोदीको पुत्ला दहन



दार्चुलाका जय सिंह धामीलाई भारतीय एसएसबीले तुइन काटेर महाकाली नदीमा बेपत्ता बनाएपछि आक्रोशित युवा विद्यार्थीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला जलाएका छन्। महेन्द्रनगर बजारमा सुरक्षाकर्मीको अवरोधलाई छलेर प्रधानमन्त्री मोदीको पुत्ला दहन गरिएको छ। एमाले सम्बद्ध अनेरास्ववियुका विद्यार्थी र युवाले प्रधानमन्त्रीको पुत्ला जलाएका हुन्। उनीहरुले पुत्ला जलाउन अघि प्रधानमन्त्री मोदी विरुद्ध नाराबाजी समेत गरेका थिए।

प्रहरीले प्रधानमन्त्री मोदीको पुत्ला जलाउन नदिन युवा विद्यार्थीलाई रोक्ने प्रयास गरेको थियो। प्रहरी र विद्यार्थीबीच केही समय पुत्ला खोसाखोस समेत भएको थियो।

विद्यार्थी र युवाले प्रहरी अवरोधकाबीच प्रधानमन्त्री मोदीको पुत्ला जलाएका छन्। यसअघि शनिबार पश्चिमी सीमा नाका गड्डाचौकीमा तुइन काटेर नेपालीलाई महाकालीमा वेपत्ता बनाउने घटनाविरुद्ध प्रदर्शन गरिएको थियो।

भारतीय एसएसबीले तुईन काटेपछि शुक्रबार व्यास गाउँपालिका २ का ३० वर्षीय जय सिंह धामी महाकाली नदीमा वेपत्ता भएका थिए। उनको शव अझै भेटिएको छैन। वैदेशिक रोजगारीमा जो सिलसिलाका लागि काठमाडौं जान धामी भारतीय भूमि भएर सदरमुकाम खलङ्गा आउन तुइन चढेका थिए। हतियार सहितका एसएसबीले धामीका आफन्तको गुहारलाई समेत वास्ता नगरी तुइन काटिदिएका थिए।

## कञ्चनपुरमा १३ हजार सात सय सवारी कारबाहीमा

**कञ्चनपुर डायरी**
गोमती पाल/मध्यान्ह

जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरले अघिल्लो वर्ष भन्दा झण्डै दुई गुणा बढी राजश्व संकलन गरेको छ। अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्ष २०७७/०७८ मा ३० लाख बढी राजश्व संकलन गरिएको छ। गत आर्थिक वर्षमा ७७ लाख २८ हजार ५ सय राजश्व रकम संकलन गरिएको छ। अघिल्लो वर्ष २०७६/०७७ मा ४७ लाख ७१ हजार राजश्व संकलन गरिएको थियो। त्यस अघि २०७५/०७६ मा ६८ लाख ८ हजार ५ सय राजश्व संकलन गरिएको थियो।

अघिल्लो वर्ष राजश्व घटेर ४७ लाखमा झरेको थियो। जिल्ला ट्राफिक प्रहरी कार्यालयका नयाँ इन्चार्ज ट्राफिक प्रहरी निरीक्षक हेमराज भट्टले कार्यालय सम्हालेपछि गत वर्ष फेरि राजश्व बढाएका हुन्। उनी गत असोजदेखि ट्राफिक इन्चार्ज छन्। अघिल्लो वर्ष राजश्व असुलीमा कोरोना महामारी संक्रमणलाई देखाएको थियो। पहिलो पटक फागुन महामारी फैलिएपछि चैत ११ गतेदेखि जेठसम्म लकडाउन गरिएको थियो। गत वर्ष पनि चैतदेखि जेठसम्म लकडाउन गरिएको हो। ट्राफिक प्रहरी कार्यालयले गत वर्ष भने कोरोना महामारी संक्रमणमा ३० लाख बढी राजश्व संकलन गरी तीन वर्ष अघिको भन्दा बढी संकलन गरेको छ।

ट्राफिक प्रहरी कार्यालयका इन्चार्ज ट्राफिक प्रहरी इन्चार्ज हेमराज भट्टले सवारी नियम मिच्ने सवारी साधनलाई कारवाही गरी राजश्व संकलन गरिएको बताए। 'कारवाहीबाट यो राजश्व संकलन गरिएको हो,' उनले भने, 'कारवाहीमा बढी सवारी साधन परेका छन्।' कार्यालयका अनुसार गत वर्ष १३ हजार ७ सय ५९ सवारी साधन कारवाहीमा परेका छन्। पछिल्ला तीन वर्षमा सबैभन्दा बढी सवारी गत वर्ष कारवाहीमा परेका हुन्। अघिल्लो वर्ष २०७६/०७७ मा ८ हजार ३ सय ९९ सवारीलाई कारबाही गरिएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा १२ हजार १० सवारीमाथि कारवाही गरिएको थियो। ट्राफिक प्रहरीलाई ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीलाई पाँच सयदेखि एक हजार पाँच सय रुपैयाँसम्म जरिवना गर्ने अधिकार छ। त्यस भन्दा बढीको जरिवना गर्ने अधिकार यातायात व्यवस्था कार्यालयलाई छ।

कारवाही पर्नेमा सबैभन्दा बढी मोटरसाइकल छन्। हेल्मेट नलगाउने, सवारी चालक अनुमति पत्र सहित कागजात नबोक्ने, दुई भन्दा बढी यात्रु बोक्ने, गैर प्रयोजनमा प्रयोग गर्ने लगायतका नियम मोटरसाइकलले उल्लङ्घन गर्दै आएका छन्।

लाझाडी गाउँपालिका बाहेक सबै स्थानीय तहमा ट्राफिक प्रहरी पुगेका छन्। कञ्चनपुरमा ५२ जना ट्राफिक प्रहरी परिचालन गरिएका छन्।

१० लाखको बीमा गरेका लामाको गत बैशाखमा कोरोना संक्रमणबाट मृत्यु भएको थियो। राना पत्निलाई लामाले लिएको दुई लाख ऋण रकम दाबी भुक्तानीबाट घटाइएको छ।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी महेन्द्रनगर शाखाका शाखा प्रमुख नबिन किशोर भट्टले रानालाई रकमको चेक हस्तान्तरण गरे।

## प्रविधिमा फड्को मार्दै बेलौरीको महाकाली बहुमुखी क्याम्पस


बेलौरीस्थित महाकाली बहुमुखी क्याम्पसले प्राध्यापकलाई ल्यापटप दिएको छ। क्याम्पसलाई सूचना प्रविधिमैत्री बनाउन २५ जना प्राध्यापकलाई एक थान ल्यापटप दिइएको छ। क्याम्पसले सबै कक्षा कोठामा सिसिटिभी जडान गरिएको छ। अहिले क्याम्पसमा सबै कक्षा कोठामा प्रोजेक्टरबाट अध्यापनका लागि कार्य अघि बढेका छ। महाकाली बहुमुखी क्याम्पस बेलौरीका क्याम्पस प्रमुख धर्मराज जोशीले आधुनिक प्रविधिको प्रयोग गरी शैक्षिक गतिविधिलाई अघि बढाउने ल्यापटप दिइएको बताए। 'ल्यापटपको सहायताबाट शैक्षिक गुणस्तर वृद्धिमा थप सहयोग पुग्ने आशा लिएका छौं' उनले भने।

हाल स्नातक तहसम्म अध्यापन हुँदै आएको यो क्याम्पस गत वर्ष सुदूरपश्चिम प्रदेश सरकारले नमूना छनौट गरेको थियो। गत वर्ष प्रदेश सरकारले सुदूरपश्चिमका ९ जिल्लामा ९ क्याम्पसलाई नमूना छनौट गरेको थियो।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष हरेन्द्रसिंह बिष्टले क्याम्पस नमूना छनौट भएपछि अनुदानमा वृद्धि भएको बताए। क्याम्पस सञ्चालक समितिका सदस्य पल्लवराज भट्टले भौतिक पूर्वाधार, खानेपानी, सञ्चार, विद्युतसहित वैकल्पिक ऊर्जा, चमेना गृह आदिको उपयुक्त व्यवस्थापन र शान्त वातावरण सहित गुणस्तरीय शिक्षा प्रदान गर्दै बताए। महाकाली बहुमुखी क्याम्पसमा गुणस्तर सुनिश्चितताको प्रत्ययन प्रमाण पत्र (क्युएए) प्राप्तिको प्रक्रिया समेत अगाडि बढाइएको क्याम्पसका प्राध्यापक एवम् क्युएए संयोजक दयाकृष्ण जोशीले बताए।

## शिक्षक हित सहकारीको स्थापना दिवसमा वृद्धाश्रमलाई सहयोग

शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लि. कञ्चनपुरले नवौ स्थापना दिवसमा वृद्धाश्रमलाई सहयोग गरेको छ। सहकारीले वृद्धाश्रमका वृद्धवृद्धालाई खीर समेत खुवाएको छ। सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री लाल बहादुर खड्काका प्रमुख आतिथ्यमा कार्यक्रम गरी रौटेलास्थित वृद्धा आश्रमका खीर खुवाइएको छ।



सहकारीका अध्यक्ष ध्रुवराज पण्डितको अध्यक्षतामा कार्यक्रम गरिएको छ। कार्यक्रममा नेपाल राष्ट्रिय संगठन सुदूरपश्चिम प्रदेश समितिका वरिष्ठ उपाध्यक्ष दामोदर भट्ट थिए।

कार्यक्रममा शिक्षक संगठनका जिल्ला अध्यक्ष भवानी चन्द, उपाध्यक्ष धनमती नेगी, केन्द्रीय प्रतिनिधि हरीश प्रसाद जोशी, नारायण गिरी, गंगा पन्त लगायत सहभागी थिए।

सहकारीका उपाध्यक्ष लक्ष्मी दत्त भट्टले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन सचिव हर्क बहादुर चन्दले गरेका थिए।

**मेनपावर चाहियो**

कुनै उजुर बाजुर नभएको, **SAUDI ID** तथा **JITCO LICENCE** भएको मेनपावर लाइसेन्स आवश्यक परेकोले बेच्ने इच्छुक इजाजत पत्रवालाले सम्पर्क गर्नुहोला।

**सम्पर्क:**
**९८१३५८९४७५**

## सम्पादकीय

# कोर्स करेक्सन

सर्वोच्च अदालतले कर्णालीमा फ्लोर क्रस गर्ने एमालेका चार सांसदलाई पदमुक्त गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा र न्यायाधीश प्रकाश ढुंगानाको संयुक्त इजलासले गएको २७ जेठको अन्तरिम आदेश खारेज गर्दै फ्लोर क्रस गर्ने चार सांसदलाई पदमुक्त गर्ने फैसला सुनाइएको छ । गएको ३ वैशाखमा एमालेका चार सांसदहरू प्रकाश ज्वाला, अम्मरबहादुर थापा, नन्दसिंह बुढा र कुर्मराज शाहीले फ्लोस क्रस गरी नेकपा माओवादी केन्द्र नेतृत्वको सरकारलाई विश्वासको मत दिएका थिए । फ्लोर क्रस गरी माओवादी केन्द्र नेतृत्वको सरकारलाई विश्वासका मत दिएका मध्ये प्रकाश ज्वाला बाहेक तीन जना सरकारमै सहभागी भएका छन् । तर न्यायाधीश प्रकाशमानसिं राउतको एकल इजलासले पुनर्वहालीको अन्तरिम आदेश दिएको थियो ।

त्यसविरूद्ध नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली भ्योकटमा गए । भ्याकेटको सुनुवाइ गर्दै सोमबार सर्वोच्च अदालतले अन्तरिम आदेश खारेज गर्दै फ्लोर क्रस गर्ने चार सांसदलाई पदमुक्त गरेको छ । न्यायाधीश राउतले एमालेको दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीलाई मान्यता नदिइ उक्त कमिटीले गरेको कारबाहीलाई रोकेको थियो । तर सोमबार भने कर्णाली प्रदेश संसदीय दलको निर्णय बिपरीत फ्लोर क्रस गरेको र पार्टीको केन्द्रीय कार्यकारिणी समितिको जुनसुकै नाम भएपनि त्यो वैधानिक हुने समेत ओदशमा उल्लेख छ । यो फैसलासँगै फ्लोर क्रस गर्ने सांसदहरू पदमुक्त भएका छन् । तर कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पद भने फेरि पनि जोगिएको छ । यो सहित मुख्यमन्त्रीबाट पदमुक्त गर्ने तेस्रो प्रयास हुँदा पनि शाही जोगिएका छन् । किनकि एमालेका चार सांसद पदमुक्त भएको र माओवादी केन्द्रबाट एमाले प्रवेश गरेका एक सांसद पहिले नै पदमुक्त भइसकेकाले अब ३५ संसदीय प्रदेशसभामा मुख्यमन्त्री शाहीसँग बहुमत सांसद रहेको हो । त्यहाँ सत्तारूढ गठबन्धनका माओवादी केन्द्रका १२ र नेपाली काँग्रेसका ६ सांसद छन् ।

यो फैसलाको मुलतः दुई महत्वपूर्ण अर्थ देखिन्छ । पहिलो प्रदेश सरकार जोगियो भने फ्लोर क्रस गर्ने सांसद पदमुक्त हुन्छन् भन्ने नजीरलाई कायमै राखिदियो । यसअघि गण्डकीमा फ्लोर क्रस गर्ने जनमोर्चाका सांसदको पनि पद गएको थियो । माओवादी केन्द्र छोडेर गएका राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभा सांसदहरूको पद गइसकेको छ । लुम्बिनीमा जनता समाजवादी पार्टी (जसपा) का तीन सांसदको पनि पद संकटमा परेको छ । अर्थात्, संसदीय मर्यादा बिपरीत कुनै सांसद उभिए ऊ कारबाहीको भागिदार हुन्छन् भन्ने फैसला अदालतले दिएको छ ।

## सामाजिक सञ्जाल



आरक्षणको विषयमा सर्वोच्च अदालतको निर्देशात्मक आदेश ऐतिहासिक र स्वागतयोग्य छ । हो, आरक्षणको अवसर एउटा व्यक्तिलाई एक पटक र मानव विकास सूचकाङ्कका आधारमा दिँदा भौगोलिक, आर्थिक, सामाजिक रूपमा कमजोर र राज्यको मूलप्रवाहमा समाहित हुन नसकेका सबै वर्ग, क्षेत्र र जातिले समान अवसर पाउनेछन् ।

**- शान्ताराज सुवेदी**



खोप ल्याउँन ढिलाइ, खोप व्यवस्थापनमा लापरवाही, खोप वितरणमा त्रुटी, खोप खरीदमा अनियमितता, समग्र खोप प्रणालीमा अपारदर्शीता, ओली सरकार र देउवा सरकारमा एक इन्च पनि फरक छैन । समस्या ज्यूँ का त्यूँ छन् । यो त घोर अक्षम्य अपराध र देशद्रोह समान छ ।

**- निर्मल प्रसाईं**



प्रमको कार्यकाल सक्किदै गर्दा उहाँको काम हेरेर मलाई यसकारण मन पर्छ देउवा भनेर हामीले पनि भन्न पाइयोस् । कार्यकाल सुरू हुने बित्तिकै खुर्सानीको बोटमा चढाएर दुर्घटना निम्त्याउन तत्पर समर्थकहरू प्रधानमन्त्रीलाई पार्टी र गुटको मात्रै होइन देशको हुन देउ । अवसर छ सुन्दर इतिहास रच्ने ।

**- एलिजा ढकाल**



एकैदिन व्यापारी मन्त्रीले तलब र सेवा सुबिधा लिन्न भन्ने र मिडियामा वाहिवाहि कमाउने अनि आजै आफ्ना व्यापारीक पार्टनरलाई नियुक्त गरेर नीतिगत भ्रस्टाचार पनि गर्ने ? भरतपुर अस्पतालमा राम्रो काम गरेका डा. रूद्र मरासिनी अब युनिफाईड कोभिड अस्पतालप्रति बफादार होलान् कि जनमैत्री अस्पतालप्रति ?

**- च्यवन घिमिरे**



भ्याकेटको जित भएको छ तर, त्योबेला एमालेको महाधिवेशन आयोजक कमिटी नचिनेका न्यायाधीशको मत अहिले के भयो ? पार्टीभित्र उपद्रव मच्चाउन पाउने सर्वोच्चको फैसलालाई यो फैसलाले काट्यो कि काटेन ? नत्र भने यो माओवादी सरकार जोगाउने योजनाअनुसार भएको हुनसक्छ । अनुशासनहिन अराजकहरूलाई दण्डित गरियोस् ।

**- नेत्रप्रसाद नेपाल**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# पुष्पलाल र कम्युनिष्ट आन्दोलन

**पुष्पलालको अविश्रान्त क्रान्तिकारी जीवनको सारतत्वलाई समाप्त पारेर आवरणको पूजाआजा गर्ने अवसरवादीहरुको बिगबिगीलाई नचिरेसम्म नेपालको कम्युनिष्ट आन्दोलनले भ्रमबाट मुक्ति पाउन सक्ने छैन । अनि नेपाली शोषित पीडित जनताले पनि वर्गीय शोषण र सामाजिक उत्पीडनबाट कदापि मुक्ति पाउने छैन । यो आजको कटु यथार्थ कुरा हो ।**



● लोकनारायण सुवेदी

नेपालको समकालीन राजनीतिमा पुष्पलालको दृष्टिकोण, निष्ठा र समर्पण नेपाली जनताको मुक्ति र समुन्नतिका निमित्त केन्द्रित रहेको प्रष्टै देखिन्छ । उहाँले ग्रहण गरेको मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा आजका चालु नेताहरुको जस्तो सस्तो नेतागिरी छाँट्न, निक्कै जानेको छु भन्ने आडम्बर देखाउन र पण्डित्याई प्रदर्शन गर्नका निमित्त पटक्कै थिएन । बरु नेपाली समाजको अग्रगामी आमूल सामाजिक परिवर्तनका निमित्त थियो भन्ने कुरा उहाँको अथक संघर्षले देखाउँदछ । सिद्धान्त सिद्धान्तको निमित्त होइन, यसलाई जनता र राष्ट्रको जीवनमा परिवर्तन ल्याउने शक्तिशाली हतियारको रुपमा रुपमा पुष्पलालले ग्रहण गर्नुभएको थियो र तदनुकूल आफ्नो राजनीतिक यात्रालाई अविश्रान्त अघि बढाउनु भएको थियो ।

वास्तवमा पुष्पलालले संयुक्त जनआन्दोलनको जुन नीति अख्तियार गर्नु भएको थियो, त्यो आफुले अंगीकार गरेको मार्क्सवादी लेनिनवादी सिद्धान्तलाई व्यवहारमा उतार्ने, जनतालाई जगाउने र परिवर्तनको बाटोमा अग्रसर गराउने एउटा अमोघ अस्त्र थियो र हो । त्यो नीतिको आधार तत्कालीन वस्तुस्थितिको आधारमा वर्गीय विश्लेषणको निचोड नै थियो ।

त्यसैले उहाँले अघि सारेको संयुक्त जनआन्दोलनको नीति केवल एउटा कोरा नीति मात्र थिएन, त्यो परिवर्तनको प्रभावकारी औजार थियो । जसले समाजमा राजनीतिक, आर्थिक, समाजिक र सांस्कृतिक परिवर्तन ल्याउन सबै परिवर्तनकामी शक्तिहरुलाई एक ठाउँमा खडा गर्ने रसायनको काम गर्दथ्यो । वस्तुतः उहाँले अघि सारेको यो नीति मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई व्यवहारमा उतार्ने कार्यनीतिकै महत्वपूर्ण अंश र आधार थियो । जुन बाटो नहिँडीकन समाजलाई अग्र गति दिनै सकिदैनथ्यो भन्ने कुरा नेपालमा अहिलेसम्म सचेतरुपमा चलेका संयुक्त जनआन्दोलनहरुले प्रष्टसँग औंल्याएका छन् । यस प्रकार पुष्पलालको यो नीति एकैचोटी वर्गीय मोर्चा र राजनीतिक मोर्चालाई एकै दिशातिर अभिमुख गराउने र हिडाउने माध्यम पनि थियो । जुन कुराको पुष्टी नेपालको २०१७ अघि ०८ सालतिर जातिय जनतान्त्रिक मोर्चा (त्यसबेला 'राष्ट्रिय' शब्दलाई 'जातिय' भनेर अभिव्यक्त गर्न्थियो) र ०१७ पछिका महत्वपूर्ण र ऐतिहासिक आन्दोलनहरु -२०३६ सालको संयुक्त विद्यार्थी आन्दोलन, २०४६ सालमो संयुक्त जनआन्दोलन र २०६२/६३ सालको व्यापक संयुक्त जनआन्दोलनहरुले एकपछि अर्को पुनर्पुष्टी गरिसकेका छन् र गरिरहेका छन् ।

वास्तवमा यस वस्तुगत यथार्थले कमरेड पुष्पलालको 'नेता होइन, नीति प्रधान' हुन्छ भन्ने कुरालाई पनि सत्य साबित गरेको छ । उहाँ व्यक्तिवादको विरुद्ध हुनुहुन्थ्यो र हमेशा पुष्पलाल भन्ने गर्नुहुन्थ्यो कि नेताहरु त मञ्चमा आउछन्, जान्छन् तर सही नीति हमेशा कायम रहन्छ । उहाँले यस्तो निचोड निकालेर नीतिको कुरा गर्दा वर्गीय नीतिको कुरा गरेको हुन्थ्यो कुनै निरपेक्ष नीतिको कुरा होइन । उदाहरण दिदै उहा भन्ने गर्नुहुन्थ्यो - बेद ब्यास छैनन् तर बेद छ । बुद्ध छैनन् तर बुद्धको बिचार छ, रुसो छैनन् तर उनको 'सामाजिक सम्झौताको सिद्धान्त' छ । त्यसरी नै मार्क्सवादका प्रणेता- मार्क्स र एंगेल्स छैनन् तर अजेय मार्क्सवाद आज हामीसँग छ । नेताहरुको योगदान र भूमिकाको अवश्य महत्व छ र हुन्छ । उनीहरु हमेशा कायम रहन सक्तैनन् तर उनीहरुको बिचार कायम रहन्छ ।

पुष्पलालको एक मात्र ध्याउन्न देश र जनताको हितमा सही नीति प्रतिपादन गर्नु र त्यसलाई व्यवहारमा खरो उतार्नु रहेको थियो । यसैका लागि नेपाली जन आन्दोलनका सबल र दुर्बल पक्ष केलाउन र सहीलाई अझ सम्बृद्ध तुल्याउन तथा गलतलाई घटाउन र हटाउन उहाले 'नेपाली जन आन्दोलन : एक समीक्षा' लेख्नुभयो ।

त्यस क्रममा उहाँले नेपालको सन्दर्भमा राष्ट्रियता र जनवादको नविन परिभाषा दिँदै 'लाखौंलाख झोपडीहरुको एकता नेपालको सन्दर्भमा राष्ट्रियता हो भने ती झोपडीहरुको हक हित जनवाद' हो भन्ने कुरा प्रष्टसँग औंल्याउनु भयो । यो नेपाललाई सचेत र उन्नत किसिमले राजनीतिक एकीकरण गर्ने र सुदृढ बनाउने कुरा हो र थियो भन्ने प्रष्टसँग बुझ्न सकिन्छ । यो कुराले नेपाली जनता नै

> पुष्पलाल केवल एउटा सिद्धान्तवादी निष्ठावान व्यक्तित्व मात्र हुनु हुन्थेन, उहाँ त सिद्धान्तलाई व्यवहारमा खरो उतार्ने र त्यस आधारमा संगठनलाई क्रियाशील र सबल बनाउने कार्यमा निरन्तर दत्तचित भएर लाग्ने व्यक्तित्व हुनुहुन्थ्यो । त्यसैले उहाँले 'तीन 'स' को सिद्धान्त' अर्थात् 'संघर्ष, संगठन र सिद्धान्त'लाई एक अर्काका परिपुरकका रुपमा निरन्तर क्रियाशील तुल्यारहनु भयो ।



वास्तविक परिवर्तनका संवाहक हुन् र उनीहरुको सक्रिय भूमिका बिना आमूल सामाजिक परिवर्तनको कुनै अर्थ छैन र हुँदैन भन्ने अर्थपूर्ण शिक्षा पनि दिन्छ । त्यसैले, पुष्पलालले जनचेतना निर्माणलाई ठूलो महत्व दिनुभयो र जनताका दैनिक जीवनका सवाललाई लिएर तलैदेखि उठेको आन्दोलनमा जोड दिनुभयो । त्यसले कुरालेभन्दा कामले जनतालाई बढी चाडो र सही किसिमले सचेत र सक्रिय तुल्याउँदछ भन्ने कुरामा उहाँ बढी विश्वस्त हुनुहुन्थ्यो ।

पुष्पलाल केवल एउटा सिद्धान्तवादी निष्ठावान व्यक्तित्व मात्र हुनु हुन्थेन, उहाँ त सिद्धान्तलाई व्यवहारमा खरो उतार्ने र त्यस आधारमा संगठनलाई क्रियाशील र सबल बनाउने कार्यमा निरन्तर दत्तचित्त भएर लाग्ने व्यक्तित्व हुनुहुन्थ्यो । त्यसैले उहाँले 'तीन 'स' को सिद्धान्त' अर्थात् 'संघर्ष, संगठन र सिद्धान्त'लाई एक अर्काका परिपुरकका रुपमा निरन्तर क्रियाशील तुल्यारहनु भयो । उहाँ हमेशा पार्टी क्लासहरुमा भन्ने गर्नु हुन्थ्यो कि सिद्धान्तबिनाको संगठन र संघर्ष अन्धो हुन्छ र सगठनबिनाको सिद्धान्त र संघर्ष पनि लङ्गडो हुन्छ । त्यसैगरी सिद्धान्त र संगठन बिना त संघर्षले सही दिशा र गति नै पाउनै सक्तैन । त्यसैले यी तीन 'स' को आ-आफ्नै ठूलो महत्व छ र ती एक अर्काका परिपुरक हुन् । एक बिना अर्कोको अस्तित्वको कुनै अर्थ हुदैन भन्ने उहाँको एकदमै प्रष्ट धारणा थियो ।

सिद्धान्तको कुरा गरिरहँदा पुष्पलालले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई एउटा जडसुत्रवादी रटना जपनाको रुपमा नलिएर त्यो सैद्धान्तिक विचारधारालाई एउटा गतिशील र मार्गदर्शन गर्ने प्रकाश स्तम्भको रुपमा बुझाउनु भयो र व्यवहारलाई अर्थात् परिवर्तनलाई बाटो देखाउने औजारको रुपमा बुझ्नु र बुझाउनु भयो । विचारधारात्मक संघर्षको कुरा गर्दा उहाँ हरहमेशा 'वादे वादे, विवादे च जायते तत्व बोध' भन्ने संस्कृत वाक्यलाई दोहोर्‍याउने गर्नु हुन्थ्यो र कुनै पनि विषयमा तर्क-प्रतितर्कले नै सही निष्कर्षमा पुग्न मद्दत पुग्ने द्वन्दात्मक नियम प्रयुक्त गर्नुहुन्थ्यो । प्रकृति र समाजका अधिशासित नियमको बारम्बार उहाँले उल्लेख गर्ने गर्नुहुन्थ्यो ।

पुष्पलालको एउटा अर्को सबैभन्दा महत्वपूर्ण पक्ष उहाँको निरन्तर अध्ययनशीलता हो । समकालीन नेपाली राजनीतिमा तुलनात्मकरुपमा उहाँको जत्तिको नेपाली समाजको गहिरो अध्ययन अरु कमैले मात्र गरेका थिए होलान् । उहाँको अध्ययनको मूल बिषय नै नेपाली जनताको गाँस, बास, कपासको समस्या थियो । जनताले आफ्नो आजीवीवको समस्या कसरी हल गरिरहेका छन् र उनीहरु बिकासको कुन चरणबाट गुज्रिरहेका छन् भन्ने कुरामै उहाँको सम्पूर्ण राजनीतिक अध्ययन केन्द्रित थियो र हुन्थ्यो ।

मार्क्सवाद लेनिनवाद र माओ विचारधारालाई नेपाली धरातलीय यथार्थका आधारमा प्रयुक्त गर्न के-कसरी सकिन्छ यही नै उहाँको अध्ययनको मूल विषय हुन्थ्यो र विद्यमान यथास्थितिलाई फेरेर समाजलाई अग्रगति प्रदान गर्ने दिशाबोध गर्नु उहाँको अध्ययनको प्रयोजन थियो । त्यसैले अलिकति समय पायो कि उहाँ कहिले कलकत्ताको 'नेशनल लाइब्रेरी' मा गम्भीर अध्ययनमा लागेको पाइनु हुन्थ्यो कि दिल्लीको 'सप्रु हाउस' या बनासरकै स्थानीय पुस्तकालय जहाँ विश्व र नेपालका लागि पनि पठनीय पुस्तक र पाठ्य सामाग्री पाइने गर्दथे । समय पायो कि उहाँ अध्ययनरत रहने गर्नुहुन्थ्यो ।

